# अर्जुनचौपारी गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०७६

**प्रस्तावना :**

अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण, नियमन तथा अनुगमन गरी स्थानीय बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गरी स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले अर्जुनचौपारी गाउँपालिकाको राजश्व ऐन, २०७६ को दफा ९९ ले दिएको अधिकार प्रयोग गरी अर्जुनचौपारी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अर्जुनचौपारी गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,

(क) "ऐन" भन्नाले ऐन, २०७६ सम्झनुपर्छ ।
(ख) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिका सम्झनुपर्छ ।
(ग) "वडा कार्यालय" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालय सम्झनुपर्छ ।
(घ) "व्यवसायी" भन्नाले अनुसुची १ बमोजिमको व्यवसाय संचालन गर्ने व्यक्ति वा संघसंस्थालाई सम्झनुपर्छ।

**३. व्यवसाय दर्ता गरी संचालन गर्नुपर्ने :** कुनै पनि व्यक्तिले गाउँपालिका क्षेत्रभित्र **अनुसूची -१** बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ ।

**४. व्यवसाय दर्ता तथा नवीकरणको लागि दरखास्त दिने प्रकृया :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले **अनुसूची-२** मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी वडा कार्यालयमा दिनु पर्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छ :-

क) व्यवसायको नाम र ठेगाना,
ख) व्यवसायको प्रकृति : **अनुसूची १** को व्यवसायको विवरण,
ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,
घ) लगानी,
ङ) व्यवसायीको नाम र ठेगाना,
च) ब्यवसायीको नागरिकताको प्रतिलिपि,
छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम,
ज) कृषि,पशुपन्छी तथा मत्स्य व्यवसायको हकमा संधियारको मंजुरीनामा र कृषि तथा पशुपन्छी शाखाको प्राविधिक प्रतिवेदन,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी **अनुसूची १** बमोजिमको दस्तुर लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित वडा कार्यालयमा **अनुसूची-३** बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई **अनुसूची-४** बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा तिन सय रुपैंया दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

**५. व्यवसायको नविकरण गर्नुपर्ने :**
(१) दफा (४) बमोजिम वडा कार्यालयमा दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ ।
(२) व्यवसायको नविकरण शुल्क **अनुसूची १** मा उल्लेख भएको दर्ता शुल्कको ५० प्रतिशत हुनेछ ।
(३) कुनै पनि व्यवसाय एक आर्थिक वर्षभन्दा बढी समय नविकरण नगरेमा प्रत्येक वर्षको नवीकरण शुल्कमा १० प्रतिशत जरीवाना लिएर पुनःनवीकरण गर्न सकिनेछ ।

**६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :** (१) दफा (४) बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध दिनभित्र सोको लिखित निवेदन वडा कार्यालयमा दिनुपर्नेछ ।
(२) उपदफा (१) बमोजिम निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।
(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सहर लाग्नेछ ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने :**
(१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी पाँच सय रुपैंया दस्तुर लिई साझेदार थप गरिदिनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउंपालिकाको अर्को स्थानमा ठाँउसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले ब्यबसाय दर्ता कितावमा ठाउँसारी जनाई साबिकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।
(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित वडा कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।
(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि वडा कार्यालयले आवश्यक जाँचवुझ गरी पाँच सय रुपैया दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।
(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित वडा कार्यालयको हुनेछ ।

**८. गाउँपालिकाले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने :** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा गाउँपालिकाले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।
(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

**९. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने** :वडा कार्यालयमा व्यवसाय दर्ता गरि सकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

**१०. व्यवसाय दर्ता खारेज गर्न सकिने** : (१) यस कार्यविधि बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।
(२) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम असूल गरी र व्यवसाय खारेजीको लागि लगत कट्टा वापत दुई सय रुपैया सेवा शुल्क लिई लगत कट्टाका लागि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ ।
(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा र वडा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा गाउँपालिकाले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।
(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।
(६) उपदफा (४) बमोजिम गाउँपालिकाले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ ।

**११. कर छुट तथा मिन्हा दिन सकिने** : गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ ।

**१२. प्रतिलिपि दिन सक्ने** : व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलव्ध गराउनु पर्ने भएमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी तिन सय रुपैंया प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१३. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने** : प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्वन्धित निकायमा सिफारिसको लागि वडा कार्यालयमा निवेदन पर्न आएमा सो सम्वन्धिमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा पाँच सय रुपैया दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलव्ध गराउन सक्नेछ ।

**१४. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुने** : (१) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय वडा क्षेत्रभित्र संचालन गरेको पाईएमा वडा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनुपर्नेछ ।
(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र वडा कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्वन्धित व्यक्ति र निजको परिवारको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गर्न सक्नेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरु बन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नवीकरण नगरी व्यवसाय सञ्चालन गरेमा सम्वन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

**१५. व्यवसायको प्रमाण पत्र नं.** : गाँउपालिकाको हरेक वडा अनुसार फरक-फरक हुने गरी **अनुसुची ५** बमोजिम प्रमाण पत्र नम्बर कायम गरिनेछ ।

**१६. वाधा अडकाउ फुकाउने अधिकार** :यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

**१७. खारेजी तथा बचाउ** :यो कार्यविधि बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची -१
दफाँ ४ को उपदफा (१) सँग सम्वन्धित
अर्जुनचौपारी गाउँपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश नेपाल
व्यवसायको विवरण

| क.सं. | व्यवसायको विवरण | आ.ब.२०७६।०७७ का लागि प्रस्तावित करको श्रेणी व्यवसाय दर्ता शुल्क | |
|---|---|---|---|
| | स्तर | क | ख |
| १) | **पर्यटन उद्योग** | | |
| १.१ | होमस्टे | ५०० | ३०० |
| १.२ | होटल,लज एवं साधारण होटल | १५०० | ५०० |
| १.३ | रेष्टूरेन्ट (म:म, तास,सेकूवाआदि) | १००० | ३०० |
| १.४ | प्रति पर्यटक स्वदेशी । विदेशी | | २५।५० |
| २) | **व्यापारिक वस्तू** | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खूद्रा | १५०० | ५०० |
| २.२ | कपडा पसल (थोक एवं खूद्रा) | १५०० | ५०० |
| २.३ | आयल पम्प | १५०० | |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ५०० |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० |
| २.६ | निर्माण सामाग्री | २००० | १००० |
| २.७ | सूनचांदी पसल (ज्वेलेरी) | १००० | ५०० |
| २.८ | फेन्सी पसल | १५०० | ५०० |
| २.९ | उनी धागो पसल | ५०० | ३०० |
| २.१० | जूत्ता चप्पल पसल | ८०० | ५०० |
| २.११ | सपिङ सेन्टर | १००० | ५०० |
| ३) | **अन्य सेवा** | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ८०० | ३०० |
| ३.२ | फर्नीचर पसल | १२०० | ८०० |
| ३.३ | भांडा र गिफ्ट पसल(थोक/खूद्रा) | १००० | ५०० |
| ३.४ | केबूल, नेटवर्किङ | ५००० | |
| ३.५ | पूलवोर्ड (प्रति वोर्डरु.) | ५०० | |
| ३.६ | भिडियो गेम(प्रति स्क्रिमरु.२००।) | २०० | |
| ३.७ | पूस्तक तथा पत्रिका पसल | ७०० | ५०० |
| ३.८ | नर्सरी र फलफुलका विरुवा बिक्रीवितरण | ४०० | २०० |
| ३.९ | सस्थागत पेन्टर | २०० | |
| ३.१० | तरकारी पसल | ३०० | २०० |
| ३.११ | वीज भण्डार | ५०० | |
| ३.१२ | मासू पसल | ८०० | ५०० |
| ३.१३ | कपडा सिलाई | ८०० | ५०० |
| ३.१४ | हेयर कटिङ | ५०० | |
| ३.१५ | आर्ट | ३०० | |

| | | | |
|---|---|---|---|
| ३.१६ | फोटो स्टुडियो | ८०० | ५०० |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० |
| ३.१८ | माछा फारम | १००० | |
| ३.१९ | वंगुर फारम | १००० | |
| ३.२० | भैसी फारम | १००० | |
| ३.२१ | कुखुरा फाराम | १००० | |
| ३.२२ | चश्मा पसल | ५०० | |
| ४ | **मर्मत संभार** | | |
| ४) | रेडियो टि.भि घडी, प्रेशर कुकर, हिट टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ८०० | ३०० |
| १ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० |
| २ | **सेवा उद्योग** | | |
| ५) | डाइभिङ इन्ष्टिच्यूट | ८०० | |
| १ | चलचित्र मन्दिर | १००० | |
| २ | ल्याब तथा फोटो ग्राफि | १००० | ५०० |
| | मेडिकल पसल | १००० | १००० |
| | ब्युटी पार्लर | | ५०० |
| ३ | छापाखाना | १००० | ५०० |
| ४ | **कृषि तथा वनजन्य उद्योग** | | |
| ६) | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | १५०० | १५०० |
| १ | **उर्जामुलक** | | |
| ७) | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १००० | |
| १ | **उत्पादन मुलक उद्योग** | | |
| ८) | पाउरोटी भण्डार | ८०० | ३०० |
| १ | मिल | ८०० | ३०० |
| २ | आइसक्रिम उद्योग तथा पसल | ८०० | ३०० |
| ३ | **वित्तीय सेवा** | | |
| ९) | वित्तीय संस्था र सहकारी संस्था | १५०० | ५०० |
| १ | रेमिटेन्स सेवा | १५०० | |
| २ | **स्वास्थ्य सेवा** | | |
| १०) | निजी तथा गैरसरकारी अस्पताल | १५०० | ८०० |
| १ | नर्सिङ होम | १५०० | ८०० |
| २ | क्लिनिक तथा ल्याव | १५०० | ८०० |
| ३ | दांत बनाउने पसल | ५,००10 | |
| ४ | **शिक्षा सेवा** | | |
| ११) | नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ.मा.वि मा.वि. र प्रा.वि. | २००० | १००० |
| | क्याम्पस | १०००० | |
| | मा= वि. | ५००० | |
| | आधारभुत = | ३००० | |
| | प्रा.वि. | २००० | |
| १ | टाईपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था | १००० | |

| | | | |
|---|---|---|---|
| २ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १००० | ५०० |
| ३ | टेक्निकल इन्स्टिच्युट | १००० | |
| ४ | **निर्माण व्यवसायी गाउपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा (दर्ता । नबिकरण)**<br>**घ बर्ग** | ३०००। | |
| १२) | **संचार सेवा** | | |
| १३ | निजी क्षेत्रका कूरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५०० | |
| १ | **विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १३) | चिकित्सक विशेषज्ञ (स्वा.सहायंक,कविराज) | ५०० | ३०० |
| १ | ल फर्म | . १००० | ५०० |
| २ | कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.) | ५००० | ४००० (ख,ग,घ) |
| ३ | ज्योतिष | ५०० | |
| ४ | अडिटर फर्म (क ख ग घ) | १००० | ८०० |
| ५ | **अन्य व्यवसाय** | | |
| १४) | कवाडी सामानको थोक बिक्रेता | २००० | |
| १ | टेण्ट हाउस | १००० | ८०० |
| २ | लाउण्डी पसल | ५०० | |
| ३ | मादल पसल | ३०० | |
| ४ | माटोको भांडा बनाउने | ३०० | |
| ५ | मिठाई पसल | ८०० | ५०० |
| ६ | **सा. उद्योग** | | |
| १५) | कटिङ ढुंगा उद्योग | १००० | |
| १ | इट्टा भट्टा | १००० | |
| २ | ग्रिल उद्योग | १५०० | १०,००।० |
| ३ | अन्य उद्योग | १५०० | १००० |
| ४ | ब्लक उद्योग | १००० | |

अनुसूची- २

कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्वन्धित

व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् वडा अध्ययक्षज्यू,
वडा नं.........अर्जुनचौपारी गाउँपालिका,
स्याङ्जा ।

विषय :- व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ................................................................................................ व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं। नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिईने आदेश/निर्देन समेत पालना गर्न सञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. स्थायी ठेगाना : ............... जिल्ला ............................ गा.पा. .... वडा नं. .......... मार्ग ...... घर नं........
३. बाबु बाजेको नाम, थर : ....................................................................................................
४.व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ...... मार्ग ......................................... घर नं. .......................
५. सम्पर्क फोन नं. ........................ फ्याक्स नं. .............. इमेल: ............................................
६. भाडामा रहेको भए व्यवसाय रहने घर र जग्गाको घरधनीको नाम, थर........................................................
७. ठेगाना : .......................................... वडा नं. ......................... घर नं. ...................
८. व्यवसायको विवरण/प्रकृति : .........................................................................................
९. पूँजीगत लगानी रु मा ..............................................................................................................
१०. फर्म/कम्पनीको नाम : ...........................................................................................
११. परिचय पाटीको साईज : (लम्बाई .................. चौडाई : ................... बर्गफिट : ..................................)
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ............................ कार्यालय : ..................................................
१३. संलग्न गर्नुपर्ने कागजातहरु : आफनै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको बहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१, विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागत-१, करदाताको हाल सालैको पासपोर्ट साईजनको फोटो २ प्रति, आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

...................................
निवेदकको दस्तखत

कार्यालय प्रयोजनका लागि मात्र :-

निवेदन दस्तुरः .................... दर्ता दस्तुर : .................... नवीकरण दस्तुर : .......................... जरिवाना : ..................... जम्मा : ............................. व्यवसाय प्रमाण पत्र नं. : ...........................
मिति : .............................

....................................
पेश गर्ने
वडा सचिव

................................
स्वीकृत गर्ने
वडा अध्यक्ष

अनुसूची-३

**कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्वन्धित**

**अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**अर्जुनचौपारी, स्याङ्जा**

**व्यवसाय करदर्ता किताब**

प्रमाणपत्र नं. : .............

जारी भएको मिति : ..........................

**व्यवसायको विवरण**

१. व्यवसायको प्रकृति

२. व्यवसायको किसिम :

३. रहने स्थान/ठेगाना :

४. वडा नं. .... घर नं.

**परिचयपाटी विवरण**

१. फर्म/कं.को नाम

२. साईज :

३. किसिम: जारी भएको जिल्ला :

४. घरधनीको नाम :

**व्यवसायीको विवरण**

१. नाम, थर :

२. नागरिकता नं.

३. ठेगाना स्थायी :

४ अस्थायी :

बाटोको नाम : ..........................................................................................

५. अन्य :............................................... ६. बाबुको नाम : ......................॥

७. बाजेको नाम :..................................................................................................

८. सम्पर्क फोन नं. ...................................................

९. अन्य : .........................................................................

| असुली | आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व.को व्यवसाय कर रु | परिचय पाटी | बक्यौता | अरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सहि | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**अनुसूची-४**
**कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्वन्धित**
**अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**
**गण्डकी प्रदेश**

# व्यवसाय दर्ता प्रमाण-पत्र

दर्ता मिति :- २०७६/..../.....

प्रमाणपत्र नं. .............

जिल्ला ...................... गाउँपालिका वडा नं. ....... बस्ने श्री ............................................ लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ।

व्यवसायको नाम:.................................................................................

व्यवसाय रहने स्थान : अर्जुनचौपारी गाउँपालिका वडा नं. ...........................

बाटोको नाम : .......................................... घर नं. ................. टोल : ..........................................

व्यवसायको प्रकृति : .................................................................................

विवरण परिचयपाटीको साईज : ..................................................................

पूँजीगतलगानी (रु मा) :

..................

व्यवसायिको हस्ताक्षर स्वीकृत गर्नेको हस्ताक्षर

(१) प्रत्येक आर्थिक बर्षको लागि तोकिएको बार्षिक कर उक्त आ.व.को ३ महिना दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ। गाउँपालिकाबाट करटोली खटाईएको अवस्थामा व्यवसायिको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ।

(२) व्यवसाय गरी आएको स्थान परिर्वतन गर्न परेमा वडा कार्यालयबाट पूर्व स्वीकृत लिनुपर्नेछ।

(३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायिले गाउँपालिकाको सम्वन्धित वडा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउपत्र अनिवार्य रुपमा लिनुपर्नेछ। अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ।

(४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ।

(५) कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाईने छैन, यदि गरेको पाईएमा प्रचलिन कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।

(६) व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायिको हुनेछ।

(७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा हुने निर्देशनको पालना गर्नु व्यवसायिको कर्तव्य हुनेछ।

(८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्ध गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ।

(९) यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

अनुसूची ५

व्यवसाय दर्ता प्रमाणपत्र नं भर्ने तरीका

दफा १५ - सँग सम्बन्धित

१. व्यवसाय दर्ता प्रमाणपत्र महलमा ३ वटा कोठा छन् ।

२. पहिलो कोठाले गाउँपालिकाको कोर्ड, दोश्रो कोठाले गाँउपालिकाको वडालाई जनाउदर्छ, त्यसमा सम्वन्धित व्यवसाय भएको वडा नं. लेख्नु पर्दछ ।

३. तेश्रो कोठामा निवेदक व्यबसायको दर्ता क्रमानुसार शुरुको ००१ देखि बढाउदैं लानु पर्छ । यदि कुनै व्यवसाय दर्ता नवीकरण नगरी वा अन्य कारणले खारेजी भएमा निजको व्यवसाय दर्ता प्रमाणपत्र संख्या यथावत नै राखी अन्यको अंक बढाउँदै लानुपर्छ ।

**उदाहरणको लागिः** अर्जुनचौपारी गाउँपालिकाको वडा नं ६ को कुनै व्यवसाय दर्ता हुन १० औं नम्बरमा आएमा निजको व्यवसाय दर्ता प्रमाणपत्र नं यस प्रकार हुने छः

| | | |
|---|---|---|
| ३५ | ६ | ०१० |

गाउँपालिका कोडः ३५

वडा नः ६

शुरु देखिको व्यवसाय दर्ता क्रमः १०

तसर्थ व्यवसाय दर्ता प्रमाणपत्र पत्र नं ३५६०१० हुने भयो ।